नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सामाजिक परिचालन तथा गैसस समन्वय शाखा

## सिंहदरवार काठमाण्डौ

☎ ४२००३१४ ४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७४/०७५

च.नं.:- ४०

मिति २०७४/१२/१३

श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु - सवै

**विषय : सामाजिक परिचालकहरुलाई सेवा करारमा परिचालन गर्ने सम्वन्धमा ।**

प्रस्तुत सम्वन्धमा साविक स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रहेर समुदाय स्तरमा सामाजिक परिचालन तथा नागरिक सशक्तिकरणका लागि काम गरेका सामाजिक परिचालकहरुलाई चालु आर्थिक वर्षको बाँकी अवधिका लागि स्थानीय तहको वडा कार्यालयमा रही कार्यालय सहायक तथा सामाजिक परिचालनको रुपमा सेवा करारमा परिचालन गर्ने यस मन्त्रालयको मिति २०७४|१२|१२ मा माननीय मन्त्रिस्तरवाट निर्णय भएकाले देहाय वमोजिम गर्नुहुन अनुरोध छ ।

१। विगतमा उत्कृस्ट कार्यसम्पादन भएका सामाजिक परिचालकहरुलाई महानगरपालिकाहरु र अन्य स्थानीय तहले यस मन्त्रालयको मिति २०७४/९/१३ र मिति २०७४/१०/०३ को निर्णय अनुसार सम्वन्धित स्थानीय तहबाट स्रोतको व्यवस्थापन गरी निरन्तरता दिदै आएको हकमा सोही वमोजिम गर्ने ।

२। स्थानीय तहमा रहेर उत्कृस्ट कार्य सम्पादन गरेका तर स्थानीय तहसँग स्रोत नभएका कारण २०७४ पौष १७ देखि सेवामा राख्न नसकिएका सामाजिक परिचालकको हकमा साविकमा खाइ पाई आएको मासिक निर्वाह खर्च रु १२,०००/०० (रु बाह्र हजार) उपलब्ध गराई अन्य कुनै सेवा सुबिधा थप नहुने गरी यहि २०७४ चैत्र १६ देखि २०७५ असार मसान्तसम्मका लागि मात्र करारमा काममा लगाउन सकिने ।

३। यसरी २०७४ चैत्र १६ देखि २०७५ असार मसान्तसम्मका लागि सेवा करारमा लिंदा आवश्यक पर्ने थप रकम अर्थ मन्त्रालयवाट उपलव्ध गराउने निर्णय भए बमोजिम उक्त थप रकम निकासा लिई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट शशर्त अनुदानका रुपमा सिधै सम्वन्धित स्थानीय तहहरुलाई उपलव्ध गराइने ।

४। साबिकमा उत्कृस्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तिलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्ति नगर्ने ।

५। यो व्यवस्था अनुसार सेवा करारमा कार्य गर्ने सामाजिक परिचालकहरुको लागि २०७५ असार मसान्त पश्चात कुनै केन्द्रीय दायित्व नरहने व्यहोरा सबै स्थानीय तहलाई जानकारी गराउने ।

२०७४।१२।१३

..............................
विश्वराज मरासिनी
उप-सचिव

वोधार्थ : -

१। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई - ववरमहल ।

२। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम- प्रादेशिक इकाइहरु सवै ।

३. सूचना तथा विधुतीय सुशासन शाखा : मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।